खोटेहाङ गाउँपालिका

# विनियोजन ऐन, २०८०

खोटेहाङ गाउँपालिका

खोटाङबजार, खोटाङ

कोशी प्रदेश, नेपाल

खोटेहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

# विनियोजन ऐन, २०८०

प्रमाणिकरण मिति : २०८०/०३/१८

संसोधन मिति : २०८०/०९/२६

खोटेहाङ गाउँपालिका, खोटाङको आर्थिक बर्ष २०८०।०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

प्रस्तावना : खोटेहाङ गाउँपालिका, खोटाङको आर्थिक बर्ष २०८०।०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उप– धारा (२) बमोजिम खोटेहाङ गाउँपालिका, खोटाङको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

१) यस ऐनको नाम "खोटेहाङ गाउँपालिकाको विनियोजन ऐन, २०८०" रहेको छ ।

२) यो ऐन २०८० साल श्रावण १ गते बाट उउप्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०८०/०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :

१) आर्थिक वर्ष २०८०।०८१ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ५६७८२३२३७।- (**अक्षेरुपी रुपैयाँ छपन्न करोड अठहत्तर लाख तेईस हजार दुई सय सट्तीस**) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३ . विनियोजन :

१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०।०८१ को निमित्त खोटेहाङ गाउँपालिका, खोटाङको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची : १

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम सञ्चित कोषबाट विनियोजन हुने रकम(दफा २ संग सम्वन्धित)

| आर्थिक वर्ष २०८०/८१ को आय तथा व्ययको प्रक्षेपण | | | | | | |
|---|---|---|---|---|---|---|
| आय तर्फ | | | व्यय तर्फ | | | |
| आय शीर्षक | | आर्थिक वर्ष २०८०/८१ को वास्तविक आय रकम | खर्च शीर्षक नं | व्यय शीर्षक | आर्थिक वर्ष २०८०/८१ को प्रस्तावित व्यय रकम | रकम अक्षरमा |
| संघीय सरकारको अनुदान | वित्तीय समानीकरण | ९४६००००० | २११११ | पारिश्रमिक कर्मचारी | ११०००००० | एक करोड दस लाख |
| | राजस्व बाँडफाँड | ९०८५५८०० | २११३१ | स्थानीय भत्ता | १२००००० | बाह्र लाख |
| | सशर्त अनुदान | २९१९००००० | २११२३ | औषधी उपचार खर्च | ३००००० | तिन लाख |
| | समपुरक अनुदान | २०५००००० | २११३२ | महंगी भत्ता | ८००००० | आठ लाख |
| | विशेष अनुदान | १६५००००० | २११४१ | पदाधिकारी बैठक (कार्यपालिका ,गाउँसभा र अन्य विविध ) | १५००००० | पन्ध्र लाख |
| संघीय सरकारको जम्मा अनुदान | | ५१४३५५८०० | २१११२ | पदाधिकारी सेवा सुविधा | ६९१२००० | उनान्सत्तरी लाख बाह्र हजार |
| प्रदेश सरकारको अनुदान | वित्तीय समानीकरण | ५७६६००० | २११२१ | पोशाक भत्ता | ८००००० | आठ लाख |
| | सवारी कर बाँडफाँड | ५२५६००० | २२१११ | धारा पानी बिजुली | ३००००० | तिन लाख |
| | सशर्त अनुदान | १०७९९००० | २२११२ | सञ्चार महशुल इन्टरनेट फोन | ७००००० | सात लाख |
| | समपुरक अनुदान | १०००००००० | २१२१२ | योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष खर्च | १२००००० | बाह्र लाख |
| | विशेष अनुदान | ० | २८१४२ | घर भाडा | ५००००० | पाँच लाख |
| प्रदेश सरकारको जम्मा अनुदान | | ३१८२१००० | २२२११ | इन्धन सवारी साधन | १५००००० | पन्ध्र लाख |
| आन्तरिक आम्दानी | | ५५५०००० | २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | १०००००० | दस लाख |
| जम्मा आन्तरिक स्रोत | | ५५५०००० | २२२१३ | सवारी साधन मर्मत खर्च | १५००००० | पन्ध्र लाख |
| गत वर्षको नगद मौज्दात | | १६०९६४३७ | २२२२१ | सञ्चालन तथा मर्मत संभार खर्च | १०००००० | दस लाख |
| जम्मा गत वर्षको नगद मौज्दात | | १६०९६४३७ | २२२१४ | विमा तथा नविकरण (सवारी साधन) | ४००००० | चार लाख |
| | | | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री खर्च | ३०००००० | तिस लाख |
| | | | २२३१३ | पुस्तक तथा सामाग्री खर्च | ५००००० | पाँच लाख |
| | | | २२४१९ | अन्य सेवा शुल्क करार डोर हाजिरी | १२०००००० | एक करोड बिस लाख |
| | | | २२२११ | अक्काम कोष | २००००० | दुई लाख |
| | | | २२६११ | अनुगमन मुल्यांकन | ४२००००० | बयालिस लाख |
| | | | २२६१२ | भ्रमण खर्च | ३००००० | तिन लाख |
| | | | २२७११ | विविध खर्च | २५००००० | पच्चिस लाख |
| | | | २११३९ | अन्य भत्ता (शिशु स्याहार, अतिरिक्त समय भत्ता, दशैं तिहार र पालो पहरा) | २००००० | दुई लाख |
| | | | २१२११ | सामाजिक सुरक्षा कोष (करार, डोर हाजिरी) | ३००००० | तिन लाख |
| | | | २२६१३ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | ३००००० | तिन लाख |
| | | | २२७१२ | सभा सञ्चालन खर्च | ५००००० | पाँच लाख |
| | | | २८१४३ | सवारी साधन तथा मेशिन औजार भाडा | ५००००० | पाँच लाख |
| | | | २८९११ | भैपरी आउने चालु खर्च | १०००००० | दस लाख |
| | | | २११३४ | कर्मचारीको बैठक भत्ता | ६००००० | छ लाख |
| | | | २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १०००००० | दस लाख |
| | | | २२४११ | सेवा र परामर्श खर्च (विज्ञ परामर्श, कानुनी सल्लाहकार ) | ५००००० | पाँच लाख |
| | | | २२५११ | क्षमता विकास, परामर्श तालिम खर्च | १५००००० | पन्ध्र लाख |
| | | | २२३११ | वडा कार्यालय संचालन खर्च | ५४००००० | चौउन्न लाख |
| | | | २११३५ | महिला स्वयमसेविका प्रोत्साहन | १९३०००० | उन्नाइस लाख तिस हजार |
| | | | २२४१९ | पालिका प्रहरी पारिश्रमीक | २०००००० | बिस लाख |
| | | | २२४१९ | बा वि के तथा विद्यालय विद्यालय कर्मचारी थप तलव | ९०००००० | नब्बे लाख |
| | | | २७२१२ | विपत व्यवस्थान कोष | १०००००० | दस लाख |
| | | | २२७११ | परिक्षा संचालन कक्षा ८ लगायत अन्य खर्च | ५००००० | पाँच लाख |
| | | | | प्रशासनिक चालु खर्च | ७९५४२००० | सात करोड पन्चानब्बे लाख बयालिस हजार |
| | | | २२५२२ | चालु कार्यक्रम | १३६८५८०० | एक करोड छत्तीस लाख पचासी हजार आठ सय |
| | | | | क. चालु जम्मा खर्च | ९३२२७८०० | नौ करोड बतीस लाख सत्ताईस हजार आठ सय |
| | | | | पालिका स्तरीय योजना | ६७८०००००.०० | छ करोड अठहत्तर लाख |
| | | | | वडा स्तरीय योजना | ४१०००००.०० | चार करोड दस लाख |
| | | | | ख. पुंजिगत जम्मा खर्च | १०८८००००० | दस करोड अठासी लाख |
| | | | | ग. शसर्त अनुदान जम्मा | ३०२६९९००० | तिस करोड छब्बिस लाख उनानसय हजार |
| | | | | शसर्त अनुदान संघ कार्यकममा तोकिए बमोजिम | २९१९००००० | उन्तीस करोड उनाइस लाख |
| | | | | शसर्त अनुदान प्रदेश कार्यकममा तोकिए बमोजिम | १०७९९००० | एक करोड सात लाख उनानसय हजार |
| | | | | घ. विशेष अनुदान जम्मा | १६५००००० | एक करोड पैसठ्ठी लाख |
| | | | | विशेष अनुदान संघ कार्यकममा तोकिए बमोजिम | १६५००००० | एक करोड पैसठ्ठी लाख |
| | | | | विशेष अनुदान प्रदेश कार्यकममा तोकिए बमोजिम | ० | |
| | | | | ङ. समपुरक अनुदान जम्मा | ४६५९६४३७ | चार करोड पैसठ्ठी लाख छयानब्बे हजार चार सय सट्तीस |
| | | | | समपुरक अनुदान संघ कार्यकममा तोकिए बमोजिम | २०५००००० | दुई करोड पाँच लाख |
| | | | | समपुरक अनुदान प्रदेश कार्यकममा तोकिए बमोजिम | १०००००० | एक करोड |
| | | | | च. जम्मा गत वर्षको नगद मौज्दातबाट योजनामा विनियोजित रकम | १६०९६४३७ | एक करोड साठी लाख छयानब्बे हजार चार सय सट्तीस |
| वास्तविक कुल आय जम्मा | | ५६७८२३२३७ | | वास्तविक कुल व्यय जम्मा (क+ख+ग+घ+ङ) | ५६७८२३२३७ | छपन्न करोड अठहत्तर लाख तेईस हजार दुई सय सट्तीस |

उदिम बहादुर राई
अध्यक्ष
गाउँपालिका